म्याग्दी जिल्लाको ताकममा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# व्यवसायिक बाख्रापालन तालिम सम्पन्न




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय बाबियाचौर, म्याग्दीले २८ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७८ पौष ५ गतेदेखि ७ गतेसम्म म्याग्दी जिल्लाको ताकममा **"व्यवसायिक बाखा पालन तालिम"** सम्पन्न गरेको संस्थाका पोखरा क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रमुख श्री बिष्णु प्रसाद पराजुलीले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरू श्री अनिषा पौडेल, तारानाथ पौडेल र श्री मुना थापा रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरिरहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख श्री बिण्णु प्रसाद पराजुलीले बताएका थिए । तालिममा सहभागीहरूलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाका बाबियाचौर शाखा कार्यालयका प्रमुख अर्जुन प्रसाद शर्माले प्रकाश पारेका थिए ।

बाखा पालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत बाखाहरूमा भिन्नता, बाखा पालनको महत्व, आवश्यकता र वर्तमान स्थिति तथा स्थानीय एवम उन्नत बाख्राको जातिय परिचय, उन्नत बाखा पालनको कारण एंव महत्व तथा खोर निर्माण गर्न स्थानको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोत्तरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरू, पाठा पाठी हुर्काउदा तथा बाखा व्याउदा गर्नुपर्ने तयारी, गुणस्तरिय दाना, घाँसको पहिचान, बाखामा लाग्ने रोगको पहिचान, निदान, प्रजननका लागि बाखा तथा बोकाको छनौट, स्थान अनुसार बाख्राको जात बारे आवश्यक जानकारी, रोगी तथा निरोगी बाख्राको पहिचान, रोग लाग्नाका कारण तथा बाखामा लाग्ने रोग, रोगको लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी, बाखामा हुने आन्तरिक र वाह्य परिजिविहरूको नियन्त्रण साथै खोप कार्यक्रम बारे जानकारी, स्थानीय बाखा पालनको महत्व, कमी, कमजोरी, संरक्षण तथा विकास, बजार व्यवस्थापन, बचतको महत्व तथा संस्थाको पब्लिक डिपोजिटको बारेमा, संस्थाका सेवाहरूको आदि बारेमा यस

Copyright © 2021, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तालिममा सहभागीहरूले जानकारी हासिल गरेका बाबियाचौर शाखाका शाखा प्रमुख अर्जुन प्रसाद शर्माले बताएका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड देशको ७७ वटै जिल्लाहरूमा शाखा सञ्जाल रहेको लघुवित्त वित्तीय संस्था हो । संस्थाले १८१  वटा शाखा कार्यालयहरू, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालय मार्फत करिव ४ लाख लघुउद्यमीहरूलाई लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित पिछडिएका विपन्न परिवारका महिलाहरूलाई समूहमा आवद्ध गराई विना धितो र बयस्क सदस्यलाई लघुउद्यम कर्जा लगानी गर्ने, ग्राहक सदस्यहरूलाई सुत्केरी स्याहार खर्च, प्राकृतिक प्रकोप आगलागि, बाढी, पहिरो, भुकम्प, हावाहुरी प्रभावित ग्राहक सदस्यहरूलाई आर्थिक अनुदान/राहात, ग्राहक सदस्य, ग्राहक सदस्यका पति छोराछोरीलाई गम्भीर प्रकृतिका रोग लागेमा आर्थिक अनुदान/राहात, सदस्यलाई पाठेघरको शल्यक्रिया गरेको अवस्थामा आर्थिक अनुदान/राहात र ऋणी सदस्य तथा संरक्षक (पति) को मृत्यु हुँदा आर्थिक सहायता उपलब्ध गराई ऋणको अतिभारबाट मुक्त गराउँदै आएको छ । साथै संस्थाले सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, वित्तीय साक्षरता, व्यवसायिक साक्षरता र सचेतनामूलक कार्यक्रमहरू संचालन गर्दै ग्राहक सदस्यहरूको आर्थिक, शैक्षिक, सामाजिक, वौद्धिक विकासमा टेवा पुर्‍याउदै आएको छ ।

अन्त्यमा तालिमको मुल्याकंन सहभागीहरू श्री मन्जु भण्डारी, ह्याप्पी सुनार र कुल बहादुर खत्रीले मन्तब्य राखेका थिए । व्यवसायिक रूपमा बाखा पालन गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरूले बताएका थिए ।

Copyright © 2021, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved.